**वैठक संख्याः १३ मिति २०८३/०२/२५ गतेका निर्णयहरुः**

निर्णय नं.१-प्रस्ताव नं.१ अघिल्लो वैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा छलफल गर्दा मिति २०८३/०१/२४ गते भएका वैठकका निर्णयहरुको वारेमा समीक्षा गरियो।

निर्णय नं. २-प्रस्ताव नं.२ योजना तथा कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति सम्वन्धमा हालसम्म भौतिक तथा वित्तीय प्रगति लक्ष्य अनुसार नभएकोले सरोकारवाला सवैलाई लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ लाग्न उत्प्रेरित गर्ने निर्णय गरियो।

निर्णय नं. ३-प्रस्ताव नं.३ संघ संस्था दर्ता सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८१ मा संशोधन सम्वन्धमा छलफल गर्दा उक्त ऐनमा गरिएको संशोधन विधेयक स्वीकृत गरी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ४-प्रस्ताव नं.४ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M survey) गर्ने सम्वन्धमा छलफल गर्दा नेपाल सरकारवाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्वन्धी मापदण्ड, २०८२ वमोजिम गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने निर्णय गरियो।

निर्णय नं. ५-प्रस्ताव नं.५ परमानन्द सन्यास आश्रमको पूर्वाधार निर्माणमा लागत साझेदारी गर्ने सम्वन्धमा छलफल गर्दा उक्त आश्रमको पूर्वाधार निर्माणमा रकम रु.४ लाख लागत साझेदारी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं.६-प्रस्ताव नं.६ भूक्तानी दिन वजेट अपुग योजनाहरुमा वजेट थप गर्ने सम्वन्धमा निम्नानुसारका योजनाहरुमा निम्नानुसारको रकम थप गर्ने निर्णय गरियो।

निर्णय नं.७-प्रस्ताव नं.७ आगामी आ.व. ०८३/०८४ को वजेट सम्वन्धमा छलफल गर्दा आगामी आ.व.को वजेट तयारीको लागि सवै वडा हरुवाट टोल र वस्तीस्तरवाट योजना छनोट गरी प्राथमिकिकरण गरी उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं.८-प्रस्ताव नं.८-बालश्रम मुक्त वडा घोषणाको मिति तय गर्ने सम्वन्धमा छलफल गर्दा उक्त कार्यक्रम यस गाउपालिका वडा नं.१, अस्लेवामा मिति २०८३/०२/३१ गतेका दिन ११ वजे भव्यरुपमा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९-विविध सम्वन्धमाः क) लक्षित वर्गको कार्यक्रम शीर्षकवाट निम्नानुसारका योजना तथा कार्यक्रमहरु माग निवेदनको आधारमा तपसिल अनुसारको वजेट विनियोजन गर्ने तथा परम्परागत पेशामा आवद्ध व्यक्तिहरुलाई सम्मान गर्ने र सवै वडाका कटुवाल पेसामा आवद्ध व्यक्तिहरुलाई विद्युतीय हाते माइक उपलव्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नामथर र ठेगाना | सामग्रिको विवरण | कैफियत |
|---|---|---|---|
| १ | श्री जित वहादुर सुनार सत्यवती-३ | रुखकाट्ने मेशिन | १८ हजार |
| २ | श्री राधिका गैरे गाहा सत्यवती-४ | बाजा वजाउने तालिम | ५० हजार |
| ३ | श्री विष्णु दमाइ सत्यवती-६ | पञ्चेबाजा खरिद | ९५ हजार |
| ४ | श्री सुशिला सिंजाली सत्यवती-१ | पञ्चेबाजा खरिद | ९८ हजार |
| ५ | श्री इन्द्रकुमारी थापा सत्यवती-२ | मगर संग्रहालय निर्माण | |
| ६ | श्री कल्पवृक्ष आमा समूह सत्वती-७ | फर्निचर व्यवस्थापन | ८० हजार |
| ७ | श्री भिम वहादुर सुनार सत्यवती-५ | आरन सुधार | |

ख)आ.व.०८३/०८४ को नीति तथा कार्यक्रम र वजेटको सम्वन्धमा सुझाव संकलन गर्न गाउँपालिकाको विद्युतीय माध्यमको प्रयोग गर्ने निर्णय गरियो ।

ग)यस कार्यालय अन्तर्गतका वडा कार्यालयहरुमा रिक्त कार्यालय सहयोगि पदहरुमा कार्यालयमा उपलव्ध कर्मचारी भएमा समायोजन गरी पूर्ति गर्ने तथा उपलव्ध नभएमा विज्ञापनको सूचना प्रकाशित गरी पद पूर्ति गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत